# राक्सिराङ गाउँपालिका
# चैनपुर, मकवानपुर
# गाउँपालिकाको मानवअधिकार कार्ययोजना २०७७

## १. प्रस्तावना

नेपाल सरकारले मानव अधिकारप्रति सचेत रहँदै सङ्घ, प्रदेश र स्थानीय सरकारले मानवअधिकारको रक्षा एवं प्रवर्धन गर्न (राष्ट्रिय) मानवअधिकार कार्ययोजना २०७७ तयारी गरि लागु गरेको छ। उक्त कार्ययोजना अन्तर्गत स्थानीय सरकारले मानवअधिकारको रक्षा तथा प्रवर्धनका विभिन्न सवालमा योजना निर्माण गरी कार्यान्वयन गर्नसक्ने कुरा निर्दिष्ट गरेको छ।

यसै सन्दर्भमा राक्सिराङ गाउँपालिकामा मानव अधिकारको सवालमा सरोकारवाला पक्षहरुस नागरिक, नागरिक समाज एवं मानव अधिकार रक्षकहरूसँग औपचारिक तथा अनौपचारिक रुपमा छलफल गरी यो कार्ययोजना तयार गरिएको छ।

मानव अधिकार दिवशको उपलक्ष्यमा राष्ट्रिय मानव मानव अधिकार आयोग बाग्मती प्रदेश र राष्ट्रिय जनवकालत मंच, नेपालको समन्वयमा आयोजित अन्तरक्रिया कार्यक्रम (मिति २०७७ मङ्सिर २८ गते) भएको प्रतिबद्धता एवं सोही कार्यक्रममा गठित राक्सिराङ गाउँपालिका स्तरीय मानवअधिकार समन्वय समितिको कार्यलाई संस्थागत गर्न समेत आवश्यक भएकोले राक्सिराङ गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णयबाट यो कार्ययोजना तयारी कार्यान्वयनमा ल्याइएको छ।

## २. यस कार्य योजनाको उद्देश्य देहाय बमोजिम रहनेछ।

क. गाउँपालिका क्षेत्रमा मानव अधिकारको सवालमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

ख. मानवअधिकार रक्षकको लागि अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने।

ग. पालिका क्षेत्रमा हुन सक्ने मानवअधिकार हनन्क विषयमा कर्मचारी, निर्वाचित जनप्रतिनिधि, सुरक्षा निकाय, नागरिक समाज आदिलाई आवश्यक भूमिका निर्वाह गर्न अभिप्रेरित गर्ने।

घ. मानव अधिकार सम्बन्धी नागरिक तथा राजनैतिक अधिकारको साथमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पक्षमा कार्य गर्ने।

ङ. पालिका क्षेत्रमा भएका मानवअधिकार हनन् तथा रोकथामका प्रयासलाई दस्तावेजीकरण गर्ने।

च. मानव अधिकार सम्बन्धी विषयमा सामुदायिक संघ संस्थाको भूमिका प्रवर्धन गर्ने।

छ. मानव अधिकारको सवालमा राष्ट्रिय मानवअधिकार आयोग प्रदेश कार्यालयसँग एवं विभिन्न गैह्र सरकारी संस्था संग सहकार्य गर्ने।

ज. वार्षिक रुपमा मानवअधिकार प्रतिवेदन तयार गरी गाउ सभामा प्रस्तुत गर्ने एवं सम्बन्धित निकायमा प्रतिवेदन पठाउने।

## ३. कार्ययोजना कार्यान्वयनका लागि संयन्त्र

यो कार्ययोजना कार्यन्वयनको निम्न अनुसारको संयन्त्रले कार्य गर्नेछ ।

### ३.१ पालिका स्तरीय मानव अधिकार समन्वय समिति

मानव अधिकार राष्ट्रिय कार्ययोजना ४.२.४ अनुसार गठित समन्वय समिति कार्ययोजना कार्यान्वयनमा मुख्य जिम्मेवारी हुनेछ उक्त समन्वय समिति देहाय बमोजिम गठन भएको छ ।

१. संयोजक : राजकुमार मल्ल ,अध्यक्ष राक्सिराङ गाउँपालिका
२. सदस्य : निर्मला हिम्दुङ्ग, उपाध्यक्ष राक्सिराङ गाउँपालिका
३. सदस्य : कान्छा राम रुम्बा, वडा अध्यक्ष , वडा न १ , राक्सिराङ गाउँपालिका
४. सदस्य : सुर्य बहादुर मुक्तान, वडा अध्यक्ष , वडा न २ , राक्सिराङ गाउँपालिका
५. सदस्य : बाबुलाल स्याङ्गतान, वडा अध्यक्ष , वडा न ३ , राक्सिराङ गाउँपालिका
६. सदस्य : संजय कोइराला, वडा अध्यक्ष , वडा न ४ , राक्सिराङ गाउँपालिका
७. सदस्य : चन्द्र सिं प्रजा, वडा अध्यक्ष , वडा न ५ , राक्सिराङ गाउँपालिका
८. सदस्य : सिंगलाल प्रजा, वडा अध्यक्ष , वडा न ६ , राक्सिराङ गाउँपालिका
९. सदस्य : कुल बहादुर प्रजा, वडा अध्यक्ष , वडा न ७ , राक्सिराङ गाउँपालिका
१०. सदस्य : रामकृष्ण प्रजा वडा अध्यक्ष , वडा न ८ , राक्सिराङ गाउँपालिका
११. सदस्य : रामकुमार वाल्पा थिङ्ग, वडा अध्यक्ष , वडा न ७ , राक्सिराङ गाउँपालिका

**३.१.१** यस समन्वय समितिको बैठक प्रत्येक ३ /३ महिनामा बस्नुपर्नेछ बैठक संयोजक निर्देशनमा कार्यकारी प्रमुखले बोलाउनु पर्नेछ ।

**३.१.२** यस समन्वय समितिले कार्ययोजना कार्यान्वयन लागि आवश्यक निर्णय लिनेछ आवश्यक आर्थिक तथा मानविय श्रोत समेत समितिले व्यवस्था गर्नेछ ।

### ३.२ कार्ययोजना कार्यान्वयन इकाईः

गाउँपालिकाले पालिका भित्र रहेका सामाजिक विकास शाखालाई मानवअधिकार कार्ययोजना कार्यान्वयन सम्बन्धी दस्तावेजीकरण, समन्वय, फाइलिङ, प्रतिवेदन लगायतका काममा जिम्बेवार बनाउनेछ ।

**३.३** कार्ययोजना कार्यान्वयनको क्रममा आवश्यक प्राविधिक सहयोग राष्ट्रिय मानवअधिकार आयोग तथा राष्ट्रिय जनवकालत मञ्च नेपालले उपलब्ध गराउन सक्नेछ ।

## ४. मानव अधिकार रक्षा तथा प्रमोशनको लागि राक्सीराङगाउँपालिकाको कार्ययोजना

### ४.१ शिक्षा

| क्र.सं. | उद्‌देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १ | निरक्षरता उन्मुलन गर्न साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय तहबाट साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>प्रदेश सामाजिक विकास मन्त्रालय,<br>नागरिक समाज | पाँच वर्ष | स्थानीय तहमा सञ्चालित साक्षरता कार्यक्रमको संख्या। |

### ४.२ स्वास्थ्य

| क्र. सं. | उद्‌देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १ | सुरक्षित मातृत्व तथा प्रसुति सेवामा सुधार गर्ने। | सुरक्षित गर्भपतन सेवा सम्बन्धी कानूनी व्यवस्थाको बारेमा महिला तथा स्वास्थ्यकर्मी लक्षित सचेतना अभिवृद्‌धि कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य संस्था, सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने संस्था, नागरिक समाज | निरन्तर | महिला तथा स्वास्थ्यकर्मी लक्षित सचेतना अभिवृद्‌धि कार्यक्रमको संख्या। |
| २ | सबै प्रकारका खोप कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गर्ने। | गर्भवती महिला, नवजात शिशु, बालबालिका लगायतका व्यक्तिहरुलाई खोप प्रदान गर्ने। | स्वास्थ्य संस्था,<br>नागरिक समाज | | |

४.३ श्रम, रोजगार तथा सामाजिक सुरक्षा

| क्र. सं | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १. | आर्थिक रुपले सक्रिय जनशक्तिको सीप र उद्यमशीलता अभिवृद्धि गरी रोजगारी र आय आर्जनको सुनिश्चितता गर्न रोजगारीका नयाँ क्षेत्र तथा अवसरको पहिचान र विस्तार गर्ने। | १.१ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक रोजगारी अभिवृद्धिको राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालन गर्ने। | | | |
| | | १.२ स्वदेशमा रोजगार व्यवस्थापन तथा प्रवर्द्धनको क्षेत्रमा अन्तर सरकारी (संघ, प्रदेश र स्थानीय तह), निजी तथा सहकारी क्षेत्र बीच समन्वयात्मक रुपमा सहकार्य र साझेदारी अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने। | | | |

४.४ बाल अधिकार र बाल न्याय

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १ | बालबालिका विरुद्ध हुने सबै किसिमका हिंसाको अन्त्य गर्ने। | बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बलात्कार, बेचविखन जस्ता कसूर विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | गृह मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, नेपाल प्रहरी, सम्बन्धित संवैधानिक आयोग, प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नागरिक समाज | निरन्तर | बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बलात्कार, बेचविखन जस्ता अपराध विरुद्ध सञ्चालन भएका सचेतनामूलक कार्यक्रमको संख्या। |

४.५ खानेपानी तथा सरसफाई

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १. | प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीमा पहुँच अभिवृद्धि गर्ने। | सबै नागरिकको स्वच्छ खानेपानीमा सुलभ पहुँच पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने। | नागरिक समाज | पाँच वर्ष | स्वच्छ खानेपानीमा सुलभ पहुँच पुगेको परिवारको संख्या। |
| २. | प्रत्येक नागरिकलाई आधारभूत स्तरको सरसफाईमा पहुँच पुऱ्याई वातावरण स्वच्छता कायम गर्ने। | प्रशोधन सहितको ढल व्यवस्थापन प्रणाली निर्माण र विस्तार गर्ने। | वन तथा वातावरण मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय | निरन्तर | निर्माण र विस्तार गरिएका प्रशोधित ढल व्यवस्थापन प्रणालीको संख्या। |

४.६ लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १ | आदिवासी जनजातिको इतिहास, भाषा, लिपि, सँस्कृति, सम्पदा, संङ्गित, ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण गर्ने। | १.२ आदिवासी जनजातिको इतिहास, भाषा, लिपि, सँस्कृति, सम्पदा, संङ्गित, ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण गर्ने र संग्रहालयको स्थापना तथा विस्तार गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आदिबासी जनजाति आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, पुरातत्व विभाग, संगीत नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठान, भाषा आयोग, नागरिक समाज | निरन्तर | - आदिवासी जनजातिसँग सम्बन्धित मातृभाषाहरूको व्याकरण र शब्दकोष निर्माण र प्रकाशन<br>- आदिवासी जनजातिसँग सम्बन्धित धार्मिक, ऐतिहासिक स्थलहरूको सूचीकरण र संरक्षणको व्यवस्था,<br>- आदिवासी/जनजाति संग्रहालयको संख्या। |
| | | १.२ आदिवासी जनजातिको परम्परागत प्रविधि, सीप एवं कौशलको प्रयोग हुने व्यवसायको प्रवर्द्धन गर्न | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, आदिबासी जनजाति आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, | निरन्तर | परम्परागत प्रविधि, सीप, ज्ञान, कला एवं कौशलको प्रयोग हुने व्यवसायको प्रवर्द्धन गर्न सहुलियतपूर्ण कर्जा प्राप्त गर्नेको संख्या। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| | | सहुलियतपूर्ण कर्जा प्रदान गर्ने। | नागरिक समाज | | |
| २ | युवा क्षमता विकास अभिवृद्धि गर्ने। | राष्ट्रिय युवा नीति, २०७२ प्रभावकारी रुपले कार्यान्वयन गर्ने। | गृह मन्त्रालय, नागरिक समाज | निरन्तर | युवा क्लब तथा युवा संसद र युवा क्लबको संख्या। |

४.७ वातावरण र दीगो विकास

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १. | वन स्रोतको दीगो व्यवस्थापन गरी लाभदायक रुपमा उपयोग गर्ने। | १.१ वन सम्पदाको दीगो व्यवस्थापन गर्ने । | राष्ट्रिय योजना आयोग, नागरिक समाज, समुदायमा आधारित वन उपभोक्ता समितिहरु | निरन्तर | नागरिकहरुको समन्यायिक पहुँच हुने गरी बनेका नीति तर्जुमा गरिएका तथा संचालित कार्यक्रमहरुको संख्या |
| | | १.२ वन सम्पदाको उपयोग अधिकतम रुपमा गर्ने। | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग, नागरिक समाज, समुदायमा आधारित वन उपभोक्ता समितिहरु | निरन्तर | वन सम्पदाबाट लाभान्वितको संख्या। |
| २. | स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको संरक्षण र प्रवर्द्धन गर्ने। | २.१ जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनिकरण गर्न जलवायु अनुकूलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नागरिक समाज | निरन्तर | जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनिकरण गर्न सञ्चालन भएका जलवायु अनुकूलन कार्यक्रमको संख्या |
| | | २.२ सामाजिक, आर्थिक तथा पूर्वाधार सम्बन्धी क्रियाकलाप गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मूल्यांकन गर्नुपर्ने कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा तथा सिंचाई मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सम्बन्धित मन्त्रालय वा निकायरहरु, नागरिक समाज | निरन्तर | प्रारम्भिक वातावरणीय परीक्षण वावातावरण प्रभाव मूल्यांकन गरी सामाजिक, आर्थिक तथा पूर्वाधार सम्बन्धी व्यवस्थाको कार्यान्वयन |

## ४.८ साँस्कृतिक अधिकार

| क्र.सं. | उद्‌देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १ | | प्रदेश र स्थानीय तहमा साँस्कृतिक अधिकारलाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक कानून तर्जुमा गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालय,<br>प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय,<br>नागरिक समाज | दुई वर्ष | प्रदेश र स्थानीय तहबाट साँस्कृतिक अधिकार संरक्षण र प्रवर्द्धन गर्न बनेका कानूनको संख्या। |
| २. | परम्परागत र साँस्कृतिक सम्पदा र मान्यताहरुको संरक्षण गर्ने। | परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण गर्न विभिन्न जातजाति समुदाय लक्षित तालीम कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, साँस्कृतिक संस्थान, गुठी संस्थान, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान,<br>विश्वविद्यालय, नागरिक समाज | निरन्तर | परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षण गर्न विभिन्न जातजाति समुदाय लक्षित गरी सञ्चालन गरिएका तालीम कार्यक्रमको संख्या। |
| ३. | विभिन्न भाषा, धर्म, सँस्कृति एवं साँस्कृतिक स्थल र चाडपर्वको संरक्षण गर्ने। | ३.१ विभिन्न जातजाति, भाषाभाषी, धर्म, सम्प्रदाय एवं सीमान्तकृत, अल्पसंख्यक, दलित लगायतका समुदायको धार्मिक, सामाजिक, साँस्कृतिक सम्पदा, भाषा, साहित्य र मौलिक कला सँस्कृति तथा आस्थाका स्थल, परम्परागत मान्यता एवं चाडपर्वको अध्ययन, संरक्षण, सम्बर्द्धन गरी साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार सुनिश्चित गर्ने। | गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, साँस्कृतिक संस्थान, गुठी संस्थान, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान,<br>विश्वविद्यालय,<br>नागरिक समाज | निरन्तर | जातजाति, भाषाभाषि, धर्म, सम्प्रदाय एवं सिमान्तकृत, अल्पसंख्यक, दलित लगायतका समुदायको साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार संरक्षण भएको हुने। |
| | | ३.२ स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापन गर्ने। | गृह मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,<br>प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, | निरन्तर | समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापन। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| | | | नागरिक समाज | | |

४.९ कानूनी सुधार र न्याय प्रशासन

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|---|
| १. | | मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनको कार्यान्वयन गर्न आवश्यक नियमहरु तर्जुमा गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन<br>महान्यायाधिवक्ताको कार्यालय, नेपाल कानून अ<br>मुख्य न्यायाधिवक्ताको कार्यालय,<br>नेपाल बार एसोसिएसन |

४.१० संस्थागत सुदृढीकरण

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| १ | स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने । | संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा स्थानीय तहमा न्यायिक समितिको अधिकार र यसको प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | महान्यायाधिवक्ताको कार्यालय,<br>मुख्य न्यायाधिवक्ताको कार्यालय,<br>जिल्ला समन्वय समिति,<br>नागरिक समाज | निरन्तर | क्षमता अभिवृद्धि कार्यक्रम र सहभागीको संख्या। |
| २ | मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्ने संस्थाहरु बीच समन्वय गर्ने। | मानव अधिकार सम्बन्धी कार्यक्रम सञ्चालनमा संलग्न संस्थाहरु बीच समन्वय अभिवृद्धि गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>सम्बन्धित संवैधानिक आयोग,<br>नागरिक समाज | निरन्तर | मानव अधिकार प्रवर्द्धन गर्ने सस्थाहरु बीच समन्वयको अभिवृद्धि। |
| ३. | संविधान, संविधान कार्यान्वयन गर्न बनेका ऐन तथा यस कार्ययोजनाको कार्यान्वयन सम्बन्धी आवधिक प्रतिवेदन, तथ्यांक, सूचना वा जानकारी विद्युतीय माध्यमबाट | संविधान, संविधान कार्यान्वयन गर्न बनेका ऐन तथा यस कार्ययोजनाको कार्यान्वयन सम्बन्धी आवधिक प्रतिवेदन, तथ्यांक, सूचना वा जानकारी संकलन र प्रशोधन गर्न विद्युतीय सफ्टवेयरको विकास गरी कार्यान्वयन गर्ने। | सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | कार्ययोजना कार्यान्वयनको आवधिक प्रतिवेदन, तथ्यांक, सूचना वा जानकारी संकलन र प्रशोधन भई अद्यावधिक तथ्यांक प्राप्त भएको हुने। |

| क्र.सं. | उद्‌देश्य | क्रियाकलाप | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|
| | संकलन र प्रशोधन गर्ने व्यवस्था गर्ने। | | | | |